**8th OF APRIL**

**यो आकाशवाणी हो**

**मुख्य समाचारहरुबाट**

- **प्रधानमन्त्री मुद्रा योजना सुरु भएको 10 वर्ष पूरा भएको अवसरमा प्रधानमन्त्री मोदीले गर्नुभयो लाभार्थीहरूसँग भेट**
- **भारतको वित्तीय सेवा विभागले "एक राज्य, एक क्षेत्रीय ग्रामीण बैंक" को सिद्धान्तअनुसार 26 क्षेत्रीय ग्रामीण बैंकहरूको विलयको अधिसूचना गर्यो जारी**
- **गृहमन्त्री अमित शाहद्वारा श्रीनगरमा उच्चस्तरीय विकास र सुरक्षा बैठकको अध्यक्षता**
- **आईपीएल क्रिकेट म्याचमा लखनउ सुपर जायन्ट्सले दियो कोलकत्ता knight riders लाई 2 सय उनचालीस रनको लक्ष्य**

**अब समाचार विस्तारमा**

**भारत र पोर्चुगलबीच प्रतिनिधिमण्डलस्तरीय वार्ता सम्पन्न,**

राष्ट्रपति द्रौपदी मुर्मुको पोर्चुगल भ्रमणको दोस्रो तथा अन्तिम दिन आज भारत र पोर्चुगलबीच प्रतिनिधिमण्डलस्तरीय फलदायी वार्ता सम्पन्न भएको छ। भ्रमणका क्रममा राष्ट्रपति मुर्मुले पोर्चुगलको संसदका अध्यक्ष Jose-Pedro-Aguir-Branco-सँग भेटवार्ता गर्नुभयो। दुबै पक्षले द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउने उपायहरूबारे गहन छलफल गरेका थिए। राष्ट्रपति मुर्मुले भारत–पोर्चुगल संसदीय मैत्री समूहका सदस्यहरूसँग छुट्टै बैठक पनि गर्नुभएको थियो।

**प्रधानमन्त्री मुद्रा योजना सुरु भएको 10 वर्ष पूरा भएको अवसरमा प्रधानमन्त्री मोदीले गर्नुभयो लाभार्थीहरूसँग भेट**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज सरकार यस्तो गतिशील प्रणाली निर्माणमा केन्द्रित रहेको बताउनुभयो, जसअन्तर्गत प्रत्येक आकांक्षी उद्यमीले ऋण सुविधा सहजै प्राप्त गर्न सकुन र आत्मविश्वासका साथ अगाडि बढ्न सकुन। प्रधानमन्त्री मुद्रा योजना (PMMY) को दसौं वार्षिकोत्सवको अवसरमा सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री मोदीले भन्नुभयो कि यस योजनाले धेरै व्यक्तिहरूका सपनाहरू साकार पार्न सहयोग पुऱ्याएको छ। उहाँका अनुसार मुद्रा योजनाका 50 प्रतिशत लाभार्थी अनुसूचित जाति, जनजाति तथा अन्य पिछडिएका वर्गका समुदायहरूबाट छन् भने 70 प्रतिशत लाभार्थी महिलाहरू छन्। उहाँले थप-भन्नुभयो कि यस योजनाले वित्तीय समावेशसँगै सामाजिक समावेश र आर्थिक स्वतन्त्रता सुनिश्चित गरेको छ। प्रधानमन्त्री मोदीले आफ्नो निवासमा यस योजनाका लाभार्थीहरूसँग प्रत्यक्ष संवाद पनि गर्नुभएको छ। प्रधानमन्त्रीका अनुसार मुद्रा योजनाले देशभरका जनतालाई उद्यमिता कौशल प्रस्तुत गर्न अवसर दिएको छ। यस योजना अन्तर्गत अहिलेसम्म बिना धितो करीब 33 लाख करोड रुपैयाँ बराबरको ऋण उपलब्ध गराइएको छ। प्रधानमन्त्रीले लाभार्थीहरूसँगको संवादका क्रममा बताउनुभयो कि यो योजना युवाहरूलाई आत्मनिर्भर बनाउने, विश्वास र आत्मविश्वासले भरिपूर्ण बनाउने र रोजगार खोज्नेभन्दा रोजगार सिर्जना गर्ने बनाउने उद्देश्यका साथ शुरू गरिएको जानकारी गराउनु भयो। उहाले थप भन्नुभयो

यस क्रममा लाभार्थीहरूले प्रधानमन्त्रीसँग आफ्ना उद्यमिता अनुभवहरू पनि साझा गरे। प्रधानमन्त्री मुद्रा योजना अन्तर्गत सूक्ष्म र साना उद्यमहरूलाई 20 लाख रुपैयाँसम्मको बिना ग्यारेन्टी ऋण प्रदान गरिन्छ। विगत 10 वर्षमा 52 करोडभन्दा बढी ऋण स्वीकृत गरिएका छन्, जसको कुल राशि करिब 33 लाख करोड रुपैयाँ पुगेको छ।

**भारतको वित्तीय सेवा विभागले "एक राज्य, एक क्षेत्रीय ग्रामीण बैंक" को सिद्धान्तअनुसार 26 क्षेत्रीय ग्रामीण बैंकहरूको विलयको अधिसूचना गर्यो जारी**

भारतको वित्तीय सेवा विभागले “एक राज्य, एक क्षेत्रीय ग्रामीण बैंक” (RRB) को सिद्धान्तअनुसार 26  क्षेत्रीय ग्रामीण बैंकहरूको विलयको अधिसूचना जारी गरेको छ। यो ग्रामीण बैंकहरूको एकीकरणको चौथो चरण हो। यसअघि भएका विलयहरूले बैंकहरूको कार्यक्षमतामा सकारात्मक प्रभाव पारेको अनुभवका आधारमा भारतको वित्त मन्त्रालयले 2024 को नोभेम्बर महिनामा नयाँ विलय योजना सुरु गरेको थियो। यस योजनाअन्तर्गत विभिन्न सरोकारवालाहरूसँग परामर्श गरी 10 राज्य र एक केन्द्र शासित प्रदेशका 26 क्षेत्रीय ग्रामीण बैंकहरूलाई एकीकृत गरिएको छ। यस कदमको मुख्य उद्देश्य बैंकिङ सेवा वितरणलाई थप प्रभावकारी बनाउनुका साथै लागतलाई तर्कसंगत बनाउनु हो।

हाल भारतका 26 राज्य र 2 केन्द्र शासित प्रदेशहरूमा 43 वटा क्षेत्रीय ग्रामीण बैंकहरू सञ्चालनमा छन्। तर विलयपछि अब ती 26 राज्य र 2 केन्द्र शासित प्रदेशमा जम्मा 28 बैंक रहनेछन्। ती बैंकहरूका जम्मा 22 हजारभन्दा बढी शाखाहरू हुनेछन्, जुन लगभग 700 जिल्लामा फैलिएका छन्। तीमध्ये करिब 92 प्रतिशत शाखाहरू ग्रामीण तथा अर्ध-शहरी क्षेत्रहरूमा अवस्थित छन्।

**गृहमन्त्री अमित शाहद्वारा श्रीनगरमा उच्चस्तरीय विकास र सुरक्षा बैठकको अध्यक्षता**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज श्रीनगरस्थित राजभवनमा उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा जम्मु–कश्मीरमा जारी विकास परियोजनाहरूको प्रगतिको समीक्षा गरिएको थियो। यस बैठकको उद्देश्य जम्मु–कश्मीरका लागि केन्द्र सरकारको एजेन्डाअन्तर्गत प्रमुख पूर्वाधार तथा कल्याणकारी योजनाहरूको प्रगति अवलोकन गर्नु थियो। बैठकमा उपराज्यपाल मनोज सिन्हा र मुख्यमन्त्री उमर अब्दुल्ला  सहभागी हुनुहुन्थ्यो। गृहमन्त्री अमित शाहले जम्मु–कश्मीर प्रशासनलाई पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन र सम्पर्क सुविधा विस्तारमा ध्यान दिन निर्देशन दिनुभयो। साथै, कल्याणकारी योजनाहरूलाई प्रवर्द्धन गर्न पनि आग्रह गर्नुभयो। उहाँले केन्द्रशासित प्रदेशमा द्रुत र समावेशी विकास सुनिश्चित गर्ने केन्द्र सरकारको प्रतिबद्धता पुनः दोहोर्याउनुभयो।

**दुबईका राजकुमार शेख हमदान बिन मोहम्मद अल मक्तूमको भारत भ्रमण, प्रधानमन्त्रीसँग भेटवार्ता**

दुबईका राजकुमार शेख हमदान बिन मोहम्मद अल मक्तूमले आज भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग नयाँ दिल्लीमा शिष्टाचार भेट गर्नुभएको छ। शेख हमदान संयुक्त अरब इमिरेट्स (UAE) का उपप्रधानमन्त्री तथा रक्षामन्त्री समेत हुनुहुन्छ। प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत आफ्नो प्रतिक्रिया दिँदै भन्नुभयो कि भारत र संयुक्त अरब इमिरेट्सबीचको व्यापक रणनीतिक साझेदारीलाई बलियो बनाउन राजकुमार शेख हमदानले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको छ। प्रधानमन्त्रीले शेख हमदानको भारत यात्रा दुई देशबीचको घनिष्ठ मित्रताको पुष्टि गर्ने मात्र नभई, भविष्यमा अझ प्रगाढ र बहुआयामिक सम्बन्धहरू विस्तार गर्न मार्ग प्रशस्त गर्ने विश्वास पनि व्यक्त गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रह्माकुमारीकी आध्यात्मिक प्रमुख दादी रतन मोहिनीको निधनप्रति दुःख व्यक्त**

प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रह्माकुमारीकी आध्यात्मिक प्रमुख दादी रतन मोहिनीको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो कि दादी रतन मोहिनीलाई प्रकाश, ज्ञान र करुणाको किरणका रूपमा स्मरण गरिने छ। प्रधानमन्त्रीले दादीसँगको आफ्नो संवाद सम्झिँदै भन्नुभयो कि उहाँको जीवन र शिक्षाले शान्ति चाहने र समाज सुधार्न चाहने सबैलाई मार्गदर्शन गर्दै जानेछ।

**डा. बी. आर. अम्बेडकरको जन्मजयन्तीको**

दिल्ली सरकारले डा. बी. आर. अम्बेडकरको जन्मजयन्तीको अवसरमा 14 अप्रिलमा सार्वजनिक बिदा घोषणा गरेको छ। यस सम्बन्धमा दिल्ली सचिवालयले सूचना जारी गरेको छ। सूचनाअनुसार 14 अप्रिलका दिन दिल्लीका सबै सरकारी कार्यालय, स्वायत्त निकायहरू र सार्वजनिक उपक्रमहरूमा बिदा हुने छ।

**आईपीएल क्रिकेट म्याचमा लखनउ सुपर जायन्ट्सले दियो कोलकत्ता knight riders लाई  2 सय उनचालीस रनको लक्ष्य**

चलिरहेको आईपीएल क्रिकेट  म्याचमा , लखनउ सुपर जायन्ट्सले दिएको 2 सय उनचालीस रनको लक्ष्य पछयाउने क्रममा अन्तिम समाचार प्राप्त भएको अनुसार  कोलकाता नाइट राइडर्स 19 ओभरमा 2 सय 11 रनमा 7 विकेट गुमाइसकेको अवस्थामा रहेको थियो। आजको दोस्रो खेलमा पञ्जाब किंग्स र चेन्नई सुपर किंग्सबीच प्रतिस्पर्धा हुँदैछ।  यो अहिले  खेल साँझ 7 30 बजे सुरु भयो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्री मुद्रा योजना सुरु भएको 10 वर्ष पूरा भएको अवसरमा प्रधानमन्त्री मोदीले गर्नुभयो लाभार्थीहरूसँग भेट**
- **भारतको वित्तीय सेवा विभागले "एक राज्य, एक क्षेत्रीय ग्रामीण बैंक" को सिद्धान्तअनुसार 26 क्षेत्रीय ग्रामीण बैंकहरूको विलयको अधिसूचना गर्यो जारी**
- **गृहमन्त्री अमित शाहद्वारा श्रीनगरमा उच्चस्तरीय विकास र सुरक्षा बैठकको अध्यक्षता**
- **आईपीएल क्रिकेट म्याचमा लखनउ सुपर जायन्ट्सले दियो कोलकत्ता knight riders लाई 2 सय उनचालीस रनको लक्ष्य**